(आ.व. २०७९/०८०) बैठक नं.

आज मिति २०७९ साल पुस २४ गते आइतवारका दिन हरिपुर नगर कार्यपालिकाको सोहौं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | दिवाकर भुजेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

१. विनय पौडेल (प्रशासन अधिकृत)

२. अशोक कुमार थापा (कम्प्युटर अपरेटर)

३. अमित नारायण मिर्दाहा (कार्यालय सहयोगी)

मिति २०७९।०९।२४

## मिति २०७९/०९/२४ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।

२. आगामी आ व को लागि संघीय सरकार र प्रदेश सरकारमा माग गर्ने समपुरक र विशेष अनुदानका योजना छनौट गर्ने सम्बन्धमा ।

३ एघारौं नगर सभामा संशोधित बजेट तथा कार्यक्रम र विधायन सम्बन्धी प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

४. अगामी आ.व. को आय ब्यय अनुमान स्वीकृत गर्ने सम्वन्धमा ।

५. नदीजन्य पदार्थको विक्रि, ठेक्का पुनः मूल्यांकन सम्वन्धमा ।

६. नगर खेलकुद विकास कार्यविधि, २०७९ पारित गर्ने सम्वन्धमा ।

७. आर्थिक सहायता वितरण कार्यविधि, २०७९ पारित गर्ने सम्वन्धमा ।

८. राहत वितरणको लागि लक्षित वर्ग पहिचान गर्ने सम्वन्धमा ।

९. बहुक्षेत्रीय पोषण योजनाको आ. व. २०७९/०८० को वार्षिक कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा ।

१०. आर्थिक सहायता सम्बन्धमा ।

११. विद्युत पोल स्थानान्तरण खर्च सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्वन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा

क. आगामी आ.व. २०८०/०८१ को लागी समपुरक अनुदान सम्वन्धी कार्यविधि २०७५ बमोजिम तपसिल बमोजिम प्राथमिकता हुने गरी योजना छनौट गरी पठाउने निर्णय गरियो ।

संघीय सरकारसँग माग गर्ने योजना

| क्र.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | मजुर्वा र झीमखोलामा पुल निर्माण | वार्ड नं. ५ र ६ | डिपिआरमा उल्लेख भए बमोजिमको बजेट |
| २ | स्वास्थ्य चौकी पिडारीलाई स्तरोन्नती गरी ५ बेडको अस्पताल निर्माण | वडा नं. ९ | |

प्रदेश सरकारसँग माग गर्ने योजना

| क्र.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | रामऔतार लक्षिया मावि वार्ड नं. १ मा भवन निर्माण | वार्ड १ | डिपिआरमा उल्लेख भए बमोजिमको बजेट |

मिति २०७९।०९।२४

ख. आगामी आ.व. २०८०/०८१ को लागी विशेष अनुदान सम्वन्धी कार्यविधि २०७५ र प्रदेश विशेष अनुदान सम्वन्धी कार्यविधि बमोजिम तपसिल बमोजिम प्राथमिकता हुने गरी योजना छनौट गरी पठाउने निर्णय गरियो ।

संघीय सरकारसँग माग गर्ने योजना

| क्र.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | जनता आधारभुत विद्यालय वार्ड नं. २ मा भवन निर्माण | वार्ड २ | डिपिआरमा उल्लेख भए बमोजिमको बजेट |
| २ | चिताइन महादेव क्षेत्रको पर्यटन प्रवर्द्धन | वार्ड नं. ७ | |

प्रदेश सरकारसँग माग गर्ने योजना

| क्र.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | गढीमाई क्षेत्र क्षेत्रको पर्यटन प्रवर्द्धन | वार्ड नं. २ | डिपिआरमा उल्लेख भए बमोजिमको बजेट |
| २ | हरिहर क्षेत्रको पर्यटन प्रवर्द्धन | वार्ड नं. १ | |

ग. आगामी आ.व. २०८०/०८१ को लागी देहाय बमोजिमको योजना यस नगरपालिकाको समग्र विकासको लागि अति आवश्यक भएको र उक्त योजनाहरुको डिपिआर समेत तयार भैसकेको हुनाले उक्त योजनाहरु संघीय सरकार अन्तर्गतका मन्त्रालयहरुसँग प्राथमिकताका साथ बजेट विनियोजन गरिदिन माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | माग गरिने मन्त्रालय | रकम रु |
|---|---|---|---|---|
| १ | लखनदेही खोलामा पुल निर्माण | वार्ड २ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | डिपिआरमा उल्लेख भए बमोजिमको बजेट |
| २ | कृषि फार्म तथा बजार व्यवस्थापन पुर्वाधार निर्माण | वार्ड १ | कृषि तथा पशु पन्छी विकास मन्त्रालय | |

मिति २०७९।०९।२४

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०७९।०९।२५ गते सोमवारका दिन हुने गरी आयोजना गरिएको यस हरिपुर नगरपालिकाको एघारौं नगर सभामा चालु आ. व. २०७९/०८० मा सञ्चालन हुने गरी पारित भएको वार्षिक नगर विकास योजनामा स्वीकृत नगरस्तरीय र वडास्तरीय कार्यक्रम तथा योजनाहरु उपर संशोधन प्रस्ताव र सभाबाट पारित गर्नुपर्ने ऐन, नियम सम्बन्धी प्रस्तावहरु विधायन समिति मार्फत पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा हरिपुर नगरपालिकाको आगामी आर्थिक वर्षको लागी आवश्यक पर्ने आय व्ययको प्रक्षेपण गरीएको तथ्याङ्क सहितको विवरण, स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन,२०७४ को अनुसुची १ बमोजिमको ढाँचामा तयार भएको गत आ.व. २०७८।०७९ को यर्थाथ, चालु आ.व.२०७९।०८० को संशोधित र आगामी आ.व. २०८०।०८१ को अनुमानित आय तथा व्ययको प्रक्षेपण स्वीकृत गरी संघीय अर्थ मन्त्रालयमा पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेको लखनदेही नदी र झीम नदीको नदीजन्य पदार्थको विक्रि वितरण र ठेक्काको लागि नगरपालिकाबाट विभिन्न मितिमा सूचना प्रकाशित भएको र उक्त खोलाहरुको हाल सम्म ठेक्का वन्दोवस्ती नभएको हुँदा मिति २०७९।०८।२० गतेको राजश्व परामर्श समितिको वैठकको सिफारिस बमोजिम गत आ व २०७८/०७९ को न्युनतम ठेक्का अंक मा १० प्रतिशत थप गरी न्युनतम अंक कायम गर्ने गरी पुनः मूल्यांकन गरी ठेक्का वन्दोवस्ती गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको नगर खेलकुद विकास कार्यविधि, २०७९ स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७९ लाई छलफल गर्दा नगरपालिकाको आर्थिक सहायतालाई समयानुकुल बनाउन तथा उत्पन्न द्धविधालाई समाधान गर्न र विभिन्न मितिमा फरक फरक तरिकाले निर्णय गरी आर्थिक सहायता वितरण गरिएको हुँदा यी सवै नियम तथा कानूनमा एकरुपता कायम गर्न अनिवार्य भएकोले सो कार्यविधि स्वीकृत र पारित गरी लागू गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला विपद व्यवस्थापन समिति सर्लाहीको तर्फबाट चिसो तथा शितलहरबाट बच्न विशेपत चिसो तथा शितलहरबाट बच्न विशेपगरी गरिबीको चपेटामा परेका अति विपन्न, दलित परिवारहरुलाई तत्काल राहत उपलब्ध गराउने कार्यको लागि लक्षित वर्ग पहिचान गरी २०० घरधुरीको विवरण यथाशिघ्र उपलब्ध गराई दिन हुन अनुरोध प्राप्त भएको हुँदा सवै वडा कार्यालयहरुले आफ्नो वडा भित्र रहेको २० घरधुरीको विवरण ३ दिन भित्र नगर कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउने निर्णय गरियो ।

मिति २०७९।०९।२४

प्रस्ताव नं. ९ माथि छलफल गर्दा बहुक्षेत्रीय पोषण योजनाको आ. व. २०७९/०८० को वार्षिक कार्ययोजना स्वीकृत गर्ने

| क.स | | क्रियाकलापहरुको विवरण | इकाई | प्रति इकाई मुल्य | वार्षिक बजेट | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | नेपाल सरकार | स्थानीय तह | जम्मा |
| १ | शासकिय प्रवन्ध | | | | | | |
| | १ | पोषण स्वयम् सेवक निर्वाह भत्ता प्रति महिना रु.२२,५००।- को दरले | १२ | २२,५०० | २७०००० | | २७०००० |
| | | चाडपर्व खर्च | १ | २२,५०० | २२,५०० | | २२,५०० |
| | | संचार खर्च | १२ | ५०० | ६,००० | | ६,००० |
| | | पोशाक भत्ता | १ | १०,००० | १०,००० | | १०,००० |
| | २ | पोषण स्वयम् सेवक लाई थप निर्वाह भत्ता | १३ | | ० | | |
| | ३ | स्वास्थ्य संस्थामा जाँच गराउन आएका महिलाहरुलाई पोषण सुधारको लागी ( प्रथम पटक देखी तेस्रो पटक सम्म एक/एक हजारको दरले तिन हजार र चौथौ पटक जाँच गराउदा दुई हजार गरी जम्मा पाँच हजार) नगद अनुदान । | ७०० | ५००० | ० | ३५००००० | ३५००००० |
| | ४ | नगर स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिती को चौमासिक बैठक | २ | २०००० | ४०००० | | ४०००० |
| | ५ | वडा स्तरिय खा.सु.नि. समितिको गठन तथा बैठक | ९ | ८००० | ७२००० | | ७२००० |
| | ७ | पोषण सूचनामुलक होडिङ्बोर्ड जडान सहित | १२ | १८००० | २१६००० | | २१६००० |
| २ | महिला तथा वालवालिका | | | | | | |
| | ८ | महिला सहकारी तथा महिला समुहलाई उद्यमशिलता विकासको लागी सुरुवाती पुंजी अनुदान | २५ | २५००० | ६२५००० | | ६२५००० |
| ३ | शिक्षा | | | | | | |
| | ९ | किशोरीहरुलाइ महिनावारी स्वच्वछता , स्थानिय स्तरमा sanitary Pad बनाउने तालिम तथा अभिमुखिकरण | | | ६०५०० | | ६०५०० |
| ४ | स्वास्थ्य | | | | | | |
| | १० | सामुदायिक विद्यालयमा आइरन चक्की वितरण बारे प्र.अ., शिक्षक शिक्षिका तथा किशोरीहरुको अन्तरक्रिया कार्यक्रम | | | १००००० | | १००००० |
| | ११ | पोषण सामग्री दुवानी | | | २०००० | | २०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १२ | नगर भित्र रहेका कुपोषित बालबालिकाको खोजपडताल तथा तथ्यांक संकलन | | | ८०००० | | ८०००० |
| | १३ | OTC स्थापना वा सुदृकरणका लागी चाहिने आवश्यक सामग्रीहरु व्यवस्थापन र संचार तथा यतायात उत्प्रेरण खर्च | | | ७८००० | | ७८००० |
| जम्मा | | | | | १६००००० | ३५००००० | ५१००००० |

प्रस्ताव नं. १० माथि छलफल गर्दा हरिपुर नगरपालिका वडा नं ७ को कार्यालयको च नं ६९६ मिति २०७९।९।१७ गतेको प्राप्त पत्रानुसार पचगछिया टोलमा २ वटा विद्युतको पोल सार्नुपर्ने र मर्मत गरी तार मिलाउनु पर्ने कार्यको लागि लाग्ने खर्चको व्यवस्था गरिदिन अनुरोध भई आएकोमा उक्त कार्य बापत बिल भर्पाई बमोजिम लागेको रकम मिल्दो शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाका देहायका ब्यक्तिहरु तथा संस्थाहरुलाई देहाय अनुसारको रकम आर्थिक सहायता दिने निर्णय गरियोः

| क्र.सं. | आर्थिक सहायता लिने ब्यक्तीको नाम थर | ठेगाना | रकम रु | कारण | शिर्षक |
|---|---|---|---|---|---|
| १ | नेपाल पूर्व प्रहरी संगठन | जिल्ला कार्य समिति सर्लाही | १००००।०० | सम्मान कार्यक्रम | आर्थिक सहायता |